# ढुंगा, गिट्टि बालुवा, ग्रावेल, रोडाको संकलन एंव विक्री

# शुल्क संकलन गर्ने सम्बन्धी आब्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति २०७५।०८।१५**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा २ को घ (६) प्रदेश नं. ३ को आर्थिक ऐन २०७५ अनुसार, तेमाल गाउँपालिकाको प्रारम्भिक वातावरणीय परिक्षण गरेरिएको तपशिल तालिका बमोजिमको सुनकोशी नदि बगर, क्षेत्रफल/उत्खनन/ संकलन/बिक्रि हुने १६७६२३६ घनफिट(अक्षेरेपी सोह्र लाख छयहतर हजार दुई सय छतिस घनफिट यस गाउँपालिकाले चालु आ.व.मा देहायको शिर्षकबाट प्राप्त गर्नु पर्ने आन्तरिक आयको ठेक्का(सिलबन्दी) बोलपत्र आव्हान गरी सोही प्रक्रियाबाट संकलन गर्नु पर्ने भएकोले योग्य र इच्छुक व्यक्ति, फर्म, कम्पनी वा बोलपत्रदाताले यस कार्यालयद्धारा निधारिँत बोलपत्र फराम खरिद गरी यसैसाथ संलग्न शर्तहरुको अधिनमा रही तोकिएको मिति र समय भित्र शिलबन्धी बोलपत्र यस कार्यालयमा पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

**<u>ठेक्का विवरण</u>**

| आय ठेक्का नं. | ठेक्काको विवरण | परिणाम (घनफिट) | दररेट( प्रति घनफिट) | न्युनतम ठेक्का अंक( मू.अ कर बाहेक) | बोलपत्र फारम दस्तुर | धरौटी |
|---|---|---|---|---|---|---|
| १ /२०७५ /०७६ | तेमाल गा.पा.-२, चुखाबेशी बगर | १६,७६,२३६ | ९ | १,५०,८६,१२४ | रु ५०००। (पाँच हजार) | कबोल अङ्कको ५%(पाँच प्रतिशत) ले हुने एक मुष्ठ रकम । |
| २ /२०७५ /०७६ | तेमाल गा.पा.-२, लामबगर अमलटारी | ७०,००० | ९ | २,२२,४५,३०० | रु ५०००। (पाँच हजार) | |
| ३ /२०७५ /०७६ | तेमाल गा.पा.-३, चिउरी आँप बगर | १६६४५८४.०२ | ९ | १,४९,८१,२५६.१८ | रु ५०००। (पाँच हजार) | |
| ४ /२०७५ /०७६ | तेमाल गा.पा.-६, रानीदह बगर | २००२०७.७ | ९ | १८,०१,८६९.३ | रु २०००। (पाँच हजार) | |
| ५ /२०७५ /०७६ | तेमाल गा.पा.-६, मास्तेबेशी बगर | ९५,३३७ | ९ | ८,५८,०३३ | रु १०००। (पाँच हजार) | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ /२०७५ /०७६ | तेमाल गा.पा.-९, मुक्पाटार बगर | ३,३८,९७६ | ९ | ३०,५०,७८४ | रु ३०००। (पाँच हजार) | |
| ७ /२०७५ /०७६ | तेमाल गा.पा.-९, ब्लेन्दे बगर | ८१६५४३.७५ | ९ | ७३,४८,८९३.७५ | रु ५०००। (पाँच हजार) | |
| ८ /२०७५ /०७६ | तेमाल गा.पा.-९, भण्डारी बैंशी | ११८७७५७.७८ | ९ | १०६८९८२०.०२ | रु ५०००। (पाँच हजार) | |

**<u>ठेक्का सम्बन्धी शर्तहरु :</u>**

१. ठेक्का लिन इच्छुक फर्म वा कम्पनीले माथि उल्लेखित न्यूनतम अंकमा नघट्ने गरी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औं दिनको कार्यालय समय भित्र आ.व. २०७४।०७५ का लागि नवीकरण भएको इजाजतपत्रको प्रतिलिपी , मु.अ.कर दर्ता प्रमाण पत्र र आ.व. २०७३।०७४ सम्मको कर चुक्ता भएको प्रमाण पत्रको प्रमाणित प्रतिलिपी सहित रितपूवृक निवेदन दिई बोलपत्र फारम (फिर्ता नहुने गरी) यस कार्यालयबाठ खरिद गर्न सकिनेछ । बोलपत्र भर्दा कबोल रकम अंक र अक्षर दुवैमा खुलाउनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा उल्लेख भएको रकमलाई मान्यता दिईनेछ । साथै उक्त आय ठेक्काहरुमा जुन कबोल अंक बढी हुन्छ सो कबोलकर्ताको बोलपत्र स्वीकृत गरिनेछ ।

२. ठेक्का अवधि गाउँपालिका संग ठेक्का सम्झौता भएको मिति देखि २०७६ साल आषढ मसान्त सम्म रहनेछ । तर ठेक्कामा सामानको परिमण सो भन्दा कम अवधिमा पनि संकलन तथा विक्रि गर्न सकिनेछ । साथै परिमाणका आधारमा ठेक्का अंक कायम गरिएको आवश्यक प्रकृया पुरा गरी उक्त परिमाण सो भन्दा कम अवधिमा पनि संकलन तथा विक्रि गर्न सकिनेछ । साथै परिमाणका आधारमा ठेक्का सम्झौता हुने भएकोले बन्द हड्ताल आदिका कारण काम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षतिपुर्ती दावी गर्न पाईने छैन । प्रारम्भिक वातावरणीय परीक्षण(IEE) प्रतिवेदनले निषेध गरेको अवधिमा नदी क्षेत्रबाट समाग्री उत्खनन् गर्न पाईने छैन तर विभिन्न स्थानमा थुपारी राखिएको मौज्दात समाग्री बिक्रि गर्न सकिनेछ ।

३. माथि उल्लेखित ठेक्का कबोल अंकको थप मुल्य अभिवृद्धि कर (१३ प्रतिशत) राजश्व ठेक्का लिने फर्मले सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा बुझाई सो को प्रमाण उस कार्यालयमा पेश गर्नुपर्नेछ ।

४. धरौटी बापत कबोल गरेको अंकको ५ प्रतिशत रकम यस कार्यालयको पोखरी नारायणस्थान स्थित बैंक धरौटी खाता नम्बर ०७१००००००३ CA मा नगद दाखिला गरेको सक्कल भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मिति बाट १२० दिन सम्म म्याद भएको वाणिज्य बैंक जमानत पत्र(बिड बन्डको सक्कल प्रति) बोलपत्रमा संलग्न गरी पेश गर्नुपर्नेछ । धरौटी बापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाईने छैन र उक्त बैंक जमानत तथा नगद धरौटी नियमानुसार कागजात पेश गरिसकेपछि प्रचलित ऐन बमोजम फिर्ता गरिनेछ ।

५. प्रचलित ऐन बमोजिम कबोल गरेको रकम एकमुष्ट अग्रिम रुपमा बुझाएमा ५ प्रतिशत सम्म छुट दिन सकिनेछ। तर नियमानुसार लाग्ने मू.अ कर प्रयोजनको लागि भने छुट दिईनेछैन। बोलपत्र खरिद गर्दा नियमानुसार लाग्ने दस्तुर बापतको रकम यस कार्यालयको सिटिजन्स बैंक पोखरी नारायणस्थान शाखामा रहेको मुल खाता नं ०७१००००००४ CA मा दाखिला गर्नुपर्नेछ।

६. कारण जनाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

७. बालपत्र दिदा कुनै किसिमको शर्त मान्य हुनेछैन। साथै रित नपुगी आएको बोलपत्र उपर कुनै कारबाही हुने छैन।

८. ठेक्कामा कुनै विवाद भएमा तेमाल गाउँपालिकाको निर्णय अन्तिम हुनेछ।

९. उपरोक्त ठेक्काको लागि सुचना प्रकाशित भएको ३० औ दिन सम्म कार्यालय समय भित्र बोलपत्र खरीद गरी ३१ औ दिनको १२:०० बजे भित्र यस कार्यालयमा शिलबन्दी बोलपत्र बुझाउनुपर्ने। साथै उक्त सुचना तेमाल गाउँपालिकाको वेभसाइट www.temalmun.gov.np मा राखिएको छ र प्राप्त बोलपत्रहरु सोही दिनको २:०० बजे तेमाल गाउँपालिकाको कार्यालयमा खोलिनेछ।

१०. बोलपत्र फारमहरु खरिद गर्ने दाखिला गर्ने, खोल्ने दिन सार्वजनिक विदा परेमा क्रमश सो को भोलिपल्ट सोही समयमा खरिद,दर्ता तथा खोल्ने कार्य गरिनेछ।

११. यस सुचनामा उल्लेख भएका शर्तहरुका अतिरिक्तबोलपत्र साथ संलग्न गरिएको  आय ठेक्का सम्बन्धी अन्य शर्तहरुका प्रत्येक बुदाहरु यसै सुचनाका शर्त सरह लागु हुनेछ।

१२. यस सुचना तथा बोलपत्र साथ संलग्न अन्य शर्तहरु पुरा नभएको बोलपत्रहरु मुल्यांकन मा समावेश गरिने छैन।

१३. नेपाल सरकार तथा ३ नम्बर प्रदेश सरकार बाट ढुंगा, गिट्टि, बालुवा, स्लेट, ग्राभेल र रोडा सम्बन्धि कार्यविधि स्वीकृत गरेको अवस्थामा सो सर्तहरु ठेकेदारहरुले अनिवार्य रुपमा पालना गर्नुपर्नेछ।

१४. अन्य कुराहरु यस कार्यालयको सुचना पाटीमा टाँस गरीएको सुचना तथा अन्य प्रचलित ऐन कानुन बमोजिम हुनेछ।

**आय, ठेक्का सम्बन्धी अन्य शर्तहरु**

१) बुंदा नं. ५ बमोजिम एकमुष्ट रकम नबुझाएमा कुल कबोल अंक मध्ये पहिलो किस्तामा बुझाउनपर्ने रकम बाहेक रकमको ठेक्का अवधिमा १ महिना थप भएको सम्मको तेमाल गाउँपाकिलकाले तोकेको निर्धारित ढाँचमा नेपाल राष्ट्र बैंक बाट मान्यता प्राप्त क वर्गका वाणिज्य बैकको जमानत (परफरमेन्स बण्ड) पेश गरे पश्चात मात्र ठेक्का सम्झौता गरी चलान पुर्जि दिईनेछ ।

२) आय रकमको भुक्तानी तालिका देहाय अनुसार हुनेछ ।

| किस्ता | किस्ता बुझाउनुपर्ने मिति | रकम रु |
|---|---|---|
| पहिलो | ठेक्का स्वीकृत भएको मितिले ७ दिनभित्र | कबोल अंकले ३० प्रतिशत ले हुन आउने रकम |
| दोश्रो | २०७५ साल पौष मसान्त भित्र | कबोल अंकको ४० प्रतिशत ले हुन आउने रकम |
| तेश्रो | २०७६ जेष्ठ मसान्त भित्र | कबोल अंकको बाँकी ३० प्रतिशत रकम |

३) ठेक्का कबोल गर्ने ठेकेदारले तेमाल गाउँपालिकाको कार्यालयले तोकेको शुल्क उठाउँदा प्रयोग गरीने रसिदहरु, ठेकेदारले आफ्नो तर्फबाट छपाई उक्त रसिदहरु यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ । प्रमाणित नगरेको रसिदबाट शुल्क उठाएको पाईएमा नियमानुसार कारवाही गरिनेछ ।

४) माथि शर्त नं. ३ मा उल्लेख गरीएका रसिदहरुबाट आम्दानी गरिएको रकम आय खातामा मू.अ करको हिसाब निकाल्नको लागि रसिद नम्बरको क्रम अनुसार लेखांकन गरी खाता र रसिद अर्ध वार्षिक रुपमा यस गाउँपालिकामा बुझाउनुपर्नेछ ।

५) ठेकेदारले उठाउने कर शुल्क कार्यालय द्धारा तोकिएको संकलन केन्द्रमा नै उठाउनु पर्नेछ साथै दररेट सहितको साईनबोर्ड सबैले देख्ने गरी सम्बन्धित केन्द्रमा राखिएको हुनुपर्नेछ ।

६) ठेक्कामा कुनै विवाद भएमा गाउँकार्यपालिकाको कार्यालयलको निर्णय अन्तिम हुनेछ ।

७) गाउँपालिकालाई बुझाउनु पर्ने बाकी वक्यौता भएको वा कालो सुचिमा परेको व्यक्ति/फर्मको बोलपत्र स्वीकृत गरिने छैन ।

८) बोलपत्र शिलवन्दी गरी पेश गर्नुपर्नेछ ।

९) ढुंगा, गिट्टि, बालुवा, ग्रावेल, रोडा आदिको कर प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले निषेध गरेको स्थानमा बसी संकलन गर्न पाईने छैन ।

१०) जमानी बापत बोलपत्रमा आफुले भरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख भएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

११) तोकिएको समयमा तोकिएको  किस्ता रकम बुझाउनु पर्नेछ । अन्तिम किस्ता रकम समेत तोकिएको समयमा नबुझाएमा पेश गरिएको  बैंक जमानत बाट सम्झौता अनुसारको ठेक्का रकम असुल उपर गरिनेछ । सो मा ठेकेदारले कुनै किसिमको हर्जाना दावी गर्न पाईने छैन ।

१२) कुनै किसिमको परिस्थिति देखाई ठेक्का रकम मिनाह सम्बन्धी  कुनै माग कार्यालयलाई स्वीकार्य हुनेछैन ।

१३) यस गाउँपालिकाको विकास  निर्माण कार्यक्रम सञ्चालन गर्ने क्रममा तेमाल गाउँपालिले स्वयम वा जमानतमा सवारी साधन मार्फत वर्ष वर्ष दिन भरी प्रयोग गरेको ढुंगा, गिट्टि,बालुवा, ग्रावेल, रोडा, रातोमाटो आदि र विदेशी दातृ निकाय संग भएको करछुट सम्झौता भई संचालन हुने आयोजनमा ठेकेदारले कुनै कर लिन पाउने छैन ।

१४) प्रचलित ऐन, नियम, कानुन, सम्झौता र सुचनाको शर्त विपरित कार्य गरेमा जुनसुकै अवस्थामा पनि कार्यालयले ठेक्का तोड्न सक्नेछ ।

१५) यस गाउँपालिका भित्रका नदी, नाला बाट ढुंगा,गिट्टि, बालुवा निकाली विक्रि तथा निकासी गर्ने क्रममा गाउँपालिका भित्रका पक्कीपुलको तल ५०० मिटर क्षेत्रबाट निर्माण समाग्री उत्खनन गरी बिक्री तथा निकासी गर्न कानुनले पूर्ण रुपमा प्रतिबन्ध लगाएको हुदा कर संकलनले  सो कुरालाई पुर्णरुपमा ध्यान दिनुपर्नेछ । ढुंगा, गिट्टि, बालुवा उत्खनन् तथा संकलन  गर्दा स्वीकृत भएको IEE प्रतिवेदनले नक्सांकन गरेको क्षेत्रमा तोकिएको परिमाण उत्खनन् गर्न पाईनेछ ।

१६) कार्यालय प्रमुख वा अख्तियार प्राप्त अधिकृतबाट प्रमाणित भएको बोलपत्रलाई मात्र मान्यता दिईनेछ ।

१७) यस कार्यालयमा पेश हुन आएका बोलपत्र बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधि  सो समयमा उपस्थित नभए पनि कार्यालयको प्रतिनिधिको रोहवरमा खोल्न सकिनेछ ।

१८) बोलपत्र पेश गर्दा पेश गर्ने फर्म वा कम्पनीको व्यवसायीक नविकरण प्रमाणपत्र, स्थायी लेखा नम्बर, मू.अ कर प्रमाणपत्रको प्रतिलिपि र कर चुक्ताको प्रमाणपत्र प्रतिलिपि संलग्न राखी पेश गर्नुपर्नेछ ।

१९) बोलपत्र फारम नियमानुसारको राजश्व तिरी तेमाल गाउँपालिकाको कार्यालय , पोखरी नारायणस्थानबाट खरिद गर्न सकिनेछ ।

२०) ढुंगा, गिट्टि, बालुवा, रोडा आदिको संकलन तथा बिक्रिमा सम्बन्धमा जिल्ला स्तरीय र पालिकास्तरीय अनुगमन समितिले दिएको सुझाव तथा निर्देशनहरु ठेक्का लिने पक्षले पूर्ण रुपले पालान गर्नुपर्नेछ ।

२१) उपरोक्त अनुसार उल्लेख भएका शर्तहरुको हकमा यसै अनुसार हुने र उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन कानुन तथा ठेक्का स्वीकृत पश्चात सम्झौता अनुसार हुनेछ ।

२२) अन्य विस्तृत आनकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

आय ठेक्का नं. ..........

आय ठेक्का शिर्षक :....................................नदीको

देखि.................................सम्मको क्षेत्रमा ढुंगा,गिट्टि, बालुवा एवं विक्रि स्वीकृत खानी क्षेत्र बाहेक कर ।

# बोलपत्र फारम

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यु मिति :

तेमाल गाउँपालिका

पोखरी नारायणस्थान, काभ्रपलाञ्चोक

| फारम शुल्क रु ५०००। |
|---|

विषय : बोलपत्र पेश गरीएको बारे ।

तहाँ कार्यालयको मिति ........................को शिलबन्दी बोलपत्र आब्हान सम्बन्धी सुचना अनुसार म्याद भित्र तोकिए बमोजिमको फारममा बोल अंक खुलाई देहायको काम को शिलबन्दी बोलपत्र पेश गरेको छु । बोल अंकको ५ प्रतिशत धरौटी ..........(अनेष्ट मनी ) बापतको रकम.........त्यस कार्यालयको सिटिजन्स बैंक तेमाल शाखामा रहेको खाता नं.........................मा जम्मा गरेको बैक भौचर बीड बण्ड त्यसै साथ संलग्न गरेको छु । अन्य कुरा नियमानुसार उल्लेख गरेको छ ।

---

ढुंगा,गिट्टि,बालुवा,स्लट, ग्राभेल र रोडा घाटगद्धी एवम विक्रि स्वीकृत खानीक्षेत्र बाहेकका संकलन तथा विक्रि शुल्क बापत हुने कुल न्युनतम अंक कर तथा भ्याट बाहेक

| ठेक्का विवरण | कुल कबोल जम्मा | | ५% धरौटी रकम | |
|---|---|---|---|---|
| | अंकमा | अक्षरमा | अंकमा | अक्षरमा |
| | | | | |

बोलपत्र पेश गर्ने फर्म वा कम्पनीको

| | | |
|---|---|---|
| कम्पनी वा फर्मको ठेगाना | | |
| कम्पनी वा फर्मको ठेगाना | | कम्पनी वा फर्मको छाप |
| दस्तखत | | |
| प्रोपाईटर | | |
| मिति | | सम्पर्क नं. |

**<u>संलग्न कागजातहरु</u>**

१. फर्म कम्पनी दर्ता तथा नविकरण प्रमाणपत्रको प्रतिलिपि भएको वा नभएको ।

२. करदर्ता प्रमाणपत्रको प्रतिलिपि भएको वा नभएको ।

३. कर चुक्ता प्रमाणपत्र प्रतिलिपि भएको वा नभएको ।

४. कारबाही वा कालो सूचिमा नपरेको स्लघोषण भएको जा नभएको ।

५. अख्तियारनामा (letter of Autonomy)भएको वा नभएको ।

६. धरौटी वापत जम्मा गरेको बैक भौचर वा तोकिए बमोजिमको बिडबण्ड भएको वा नभएको ।

७. अन्य केही कुरा भए खुलाउने ।